# Small, low intensity and community forests
# Forest Stewardship Council

**briefing note 3**

## सामाजिक असरहरुको मूल्यांकन र अनुगमन

तपाईको वन व्यवस्थापनले कस्ता कस्ता सामाजिक असरहरु गरिरहेको छ त्यो बुझ्ने र नकारात्मक असर देखिएको खण्डमा त्यस्ता असर कामगर्न योजनामा फेरबदल गर्नुस् । तपाईको अवस्थासँग मिल्ने गरी व्यवहारिक उपाय लागु गर्नुस, यो नै महत्वपूर्ण पक्ष हो ।

असल वन व्यवस्थापनले वन सम्बन्धी क्रियाकलापले पार्न सक्ने सामाजिक र वातावरणीय दुवै असरहरुको विचार गरेको हुनुपर्दछ । एफ.एस.सी.का सिद्धान्तले वन व्यवस्थापकलाई सामाजिक असरहरुलाई पनि कन्सिडर लगर्न लगाउँछ । यसको मतलब सामाजिक प्रभाव मुल्या)कन गरेपछि सोही अनुसार योजना तर्जुमा गर्ने र त्यो प्रक्रियाको अनुगमन गर्नुपर्छ भन्ने हो ।

### सामाजिक प्रभाव : जनता र समुदाय

वन व्यवस्थापन गर्दा तपाईले वन भन्दा परतिर सोच्नु पर्दछ । तपाईका क्रियाकलापले अरुलाई के कस्तो असर परेको छ विचार गर्नैपर्छ । तपाईले गरे गराइएका व्यक्ति वा समुदायको जीवनमा समेत परिवर्तन भयो भने त्यस्तो परिवर्तन नै सामाजिक असर हो । सामाजिक प्रभाव चाहेर, नचाहेर अथवा सकारात्मक, नकारात्मक जे पनि हुन सक्छ । यो कुरामा तपाई सजग हुनुस्, सामाजिक असरको अनुगमन गर्नुस् र नकारात्मक परिवर्तन देखिए भने सकभर त्यसलाई निमिट्यान्नै पार्नुस् नत्र कम गर्ने कोशिस गर्नुहोस, एफ.एस.सी. यही चाहन्छ । सामाजिक प्रभाव मूल्यांकन गर्ने र अनुगमन गर्ने ४ वटा मुख्य चरण छन् ।

- कस्ता किसिमका सकारात्मक परिवर्तन चाहने हो निधो गर्नु
- अरु कस्ता किसिमका सामाजिक असर छन् र त्यसबाट को प्रभावित छ पत्ता लगाउने
- प्रभावितसँग बसेर त्यस्ता असरको बारेमा छलफल गर्ने
- वन व्यवस्थापन गर्ने दौरानमा नकारात्मक असर हटाउन वा कम गर्न के गर्न सकिन्छ तत्कालै गरिहाल्ने ।

### सामाजिक प्रभावलाई कसरी मुल्यांकन र अनुगमन गर्ने ?

तपाईले यी कुरा पत्ता लगाउनुपछ :

को को प्रभावित हुन सक्छन्
कहाँ र कसरी प्रभावित भए
यदि नकारात्मक असर देखिएमा तिनलाई कसरी हटाउने वा कम गर्ने ।

यति गरिसकेपछि मात्र तपाईले आफनो वन व्यवस्थापन योजनामा फेरबदल गर्ने अथवा काम गर्ने दौरानमा नकारात्मक असर हटाउने वा क मगर्ने के गर्न सम्भव छ त्यही गर्न सक्नुहुन्छ ।

### को चाहि बढी प्रभावित होला ?

वन व्यवस्थापन गर्दा असर पर्न सक्ने व्यक्तिहरु

- वन व्यवस्थापन गर्दा असर पर्न सक्ने व्यक्तिहरु
- कामदारहरु -वनमा र प्रशोधन गर्ने स्थानमा)
- छिमेकीहरु (साँध जोडिएका जग्गाधनी, नजिकका समुदाय÷गाउँ)
- वनमा भएको पानीमा भर पर्ने स्थानीय समुदाय
- परम्परादेखि वनमा शिकार गर्ने, घाँस दाउरा गर्ने, धार्मिक मठ मन्दिर र बाटोघाटो सन्धिसखन गर्ने स्थानीय समुदाय

वन सम्बर्द्धन गर्ने समयमा व्यक्ति, समूह वा समुदायको बारेमा समेत सोच्ने गर्नुपर्ने हुन्छ ।


© Mary Stockdale


© Hartmut Jungius / WWF-Cannon


© ANSAB

## परामर्श

वनको प्रयोग, वनमा पहुँच र वनमा आधारित व्यवसाय सम्बन्धी छलफलमा समुदायका सबै पक्षलाई सहभागी गराइयो भने वन व्यवस्थापन गर्दा हुन जाने नकारात्मक प्रभावहरु पत्ता लाग्दछन् ।

मुख्य चुनौति भनेको पिछडिएका समुदाय जस्तै प्रौढ व्यक्ति अन्य देशबाट आई बसोबास गरिरहेका व्यक्तिहरुको समस्यालाई विचार गर्नु हो । किनभने उनीहरु औपचारिक निर्णय प्रक्रियामा सामेल हुन गाह्रो हुन्छ, तर उनीहरु घाँस दाउरा गर्न चाहिँ वनमै निर्भर हुन्छन् ।

तपाईले व्यवस्थापन योजना वनाउँदा यस्ता व्यक्तिहरुसँग पनि परामर्श गर्न र उनीहरुको राय÷चासोबारे ध्यान दिन नछुटाउनुस् । विशेष ध्यान त **आदिवासी जनतासँग** वनको सदुपयोग बारे छलफल गर्नमा दिनुपर्ने हुन्छ किनभने प्रायजसो भाषाको समस्या वा अन्य सांस्कृतिक कारणले उनीहरु परामर्शको प्रक्रियाबाट छुटिरहेका हुन्छन् । उनीहरुको परम्परागत प्रयोग र उनीहरुका विशेष स्थानहरुको बारेमा सोच्नुहोस् ।

## साना वन व्यवस्थापकबाट पाउने आशा

वन व्यवस्थापनको आकार, सघनता, र विविधता अनुसार सामाजिक असरको अनुगमन मिल्ने हुनुपर्दछ । साना ठूला सबै किसिमका वन व्यवस्थापनले सामाजिक असरको मुल्यांकन गर्नु पर्दछ । तर ठूला ठूला वन व्यवस्थापनको दाँजोमा सानो स्केलका अपरेसनले तुलनात्मक रुपमा अनुगमनको लागि थोरै स्रोत र समय लगाउनु पर्दछ । ठूला ठूला कम्पनीहरुले काम शुरु गर्नु अगावै र आवधिक रुपमा सामाजिक प्रभाव मुल्यांकन गर्न बाहिरी कम्पनी नै प्रयोग गर्न सक्छन् । तर सानो व्यवस्थापकहरुले भने नियमित रुपमा सामाजिक प्रभाव अनुगमन गर्न सरल तरिका अपनाउनु उपयुक्त हुन्छ ।

हरेक केसमा परामर्श र छलफल एकदमै महत्वपूर्ण हुन्छ । तपाईले अरु व्यक्तिबाट उनीहरुको विचार लिने र समस्या समाधा गर्न उनीहरुसँग छलफलमा बस्नुपर्छ । यसो गर्दा कस्तो कस्तो प्रभाव पर्ने रहेछ भन्ने त थाहा हुने नै भयो त्यस माथि पनि नकारात्मक प्रभाव हटाउन के के गर्नुपर्छ भन्ने किसिमको समाधान पनि निस्कन्छ । हरेक केसमा परामर्श र छलफल एकदमै महत्वपूर्ण हुन्छ । तपाईले अरु व्यक्तिबाट उनीहरुको विचार लिने र समस्या समाधा गर्न उनीहरुसँग छलफलमा बस्नुपर्छ । यसो गर्दा कस्तो कस्तो प्रभाव पर्ने रहेछ भन्ने त थाहा हुने नै भयो त्यस माथि पनि नकारात्मक प्रभाव हटाउन के के गर्नुपर्छ भन्ने किसिमको समाधान पनि निस्कन्छ ।

## दस्तावेजीकरण

सामाजिक प्रभाव मूल्यांकन÷अनुगमन गरेपछि कति दस्तावेजीकरण गर्नुपर्छ भन्ने पनि वनको साइज र  इन्टेन्सिटिमा भर पर्दछ । प्रमाणीकरण गर्नेले सानो सामुदायिक फर्म अथवा फलफूल टिप्ने ग्रामीण समुदायले सामाजिक असरको बारेमा लिखित रेकर्ड बनाउँछ भन्ने सोचेका हुँदैन । कुनै कुनै बेलामा त सामाजिक असरको र समाधानको उपायका बारेमा छलफल भएको निर्णय पुस्तिका नै बढी राम्रो हुन्छ । विकल्पको रुपमा प्रभावित समूहहरु, परेको प्रभाव र त्यसको न्युनीकरण गर्न तपाईले लिएका निर्णयहरु स्पष्ट देखिने तालिका पनि बनाउन सकिन्छ । सबभन्दा महत्वपूर्ण पक्ष भनेको त तपाईले सामाजिक सवालहरुलाई जहिल्यै पनि महत्व दिइरहनु भएको छ भन्ने कुरा देखिनु पऱ्यो । त्यसको आधारमा तपाईले व्यवस्थापनमा र काम गर्ने स्थानमा आवश्यक फेरबदल गरेको हुनुपऱ्यो ।



© Hartmut Jungius / WWF-Canon



© Ilan Kruglianskas / ProForest

## कस्ता कस्ता प्रभावहरु महत्वपूर्ण हुन्छन् ?

तपाईले स्थानीय जनतामा आफ्नो वन व्यवस्थापनले के कस्तो सकारात्मक एवं नकारात्मक असर पारिरहेको छ भन्ने कुरा पत्ता लगाउनु पर्दछ । तल दिइएको तालिकामा त्यस्ता केही उदाहरण दिइएको छ ।

| सवालहरु | सकारात्मक प्रभाव | नकारात्मक प्रभाव |
|---|---|---|
| रोजगारी | स्थानीय रोजगारी सृजना | नयाँ प्रविधिको कारणले रोजगारको संख्या कम |
| स्वास्थ्य | रोजगारीले स्वास्थ्य सेवामा पहुँच | वनमा वा स:मिलमा दुर्घटना |
| भू-उपयोग,पहुँच | च्याउ र फलफूल संकलन गर्ने परम्परागत क्षेत्रको संरक्षण गर्ने र स्थानीयलाई संकलन गर्न अनुमति दिने | स्थानीय जनताको वनमा हुने पहुँचछ खुम्चिनु |
| प्रदुषण (ध्वनी, वायु आदि) | स्थानीय जनताको चासो प्रति ध्यान दिई गती सीमित गर्ने नीति लागु गरी ध्वानी र वायु प्रदुषण क मगर्ने | इन्धन वा विषादीका भाँडाहरु राम्ररी नथन्क्याउनाले हुने पानी प्रदुषण |
| पानी | पानीको स्रोतको राम्रो व्यवस्थापनले गर्दा स्थानीय जनताको खानेपानीको गुणस्तर बढ्छ | पानी श्रोतको उचित संरक्षण नगर्नाले वा बढी पानी सोस्ने प्रजाति लगाउने पानीको अभाव हुन्छ । |

## सामुदायिक वन

यो नसोच्नुहोस् कि तपाईको वन समूहको स्वामित्वमा रहेको वा समूहद्वारा व्यवस्थापन भएको वन हुनाले वन व्यवस्थापन सुधार गर्न चालिएका कदमले स्वत : समुदायको भलो गर्दछ । यो सही हुन सक्ला तर समुदाय यति विविध किसिमको छ कि सबैलाई फाइदा नै पुग्छ भनि 'अनुमान' गर्न सकिदैन । त्यसकारण वन व्यवस्थापनको लागि राम्रो मनसायले गरिएका परिवर्तनले कतै कुनै सदस्यलाई नराम्रो पो पारिरहेको छ कि भन्ने कुराको अनुगमन गरिदो रहेछ भने नियन्त्रण गर्नुपर्दछ । यो प्रक्रियामा जति बढी मानिस सहभागी हुन्छन् त्यती नै उपयोगी नतिजा ल्याउन सजिलो पर्छ र उनीहरु विचमा सूचना समन्वय अझ प्रभावकारी हुन्छ ।

## सामाजिक प्रभाव अनुगमन र मुल्यांकन गर्नको लागि केही खुराक

**अरुको परामर्श लिनुस !** तपाईको वन व्यवस्थापनले प्रत्यक्ष रुपले असर पर्ने जनतासँग कुरा गर्नुस भन्ने एफ.एस.सी.को चाहना हो ।

**तपाईले आवश्यक नपर्ने अथवा प्रयोग गर्न नजान्ने सूचना जानकारी संकलन नगर्नुस, लिएका जानकारी सरल र कामयावी बनाउनुस् !** तपाईलाई वृहत्तर आर्थिक सामाजिक विश्लेषण जरुरी नपर्न सक्छ । मुख्य मुख्य चासोका कुराहरुको सुची बनाउनुस् । पर्याप्त परामर्श र ज्ञान । शीपको आधारमा यस्तो सूची बनाउँदा नै धेरै उपयोगी हुन्छ ।

**परिमाणबारे छलफल गर्नुस् !** सूचना जानकारीहरु जम्मा गर्ने र फाइलामा थन्क्याउने मात्र नगर्नुस् । यी नतिजाको के अर्थ हो र यसलाई के गर्न सकिन्छ त्यस बारेमा छलफल गर्नुस् ।

**परिमाणको सदुपयोग गर्नुस् !** सामाजिक प्रभाव हेर्नु भनेको तपाईले वनको व्यवस्थापन गर्ने तरिकामा कसरी र कस्ता कस्ता परिवर्तन गर्नु आवश्यकता होला भन्ने कुरा एकिन गर्नलाई हो । यदी समस देखिहाल्यो भने परिवर्तन गरिदिनुहोस् ।


© Andreas Beckmann / WWF-Canon




## समूह प्रमाणीकरण र सामाजिक प्रभाव

समूह प्रमाणीकरण भनेको एक भन्दा बढी वन व्यवस्थापन इकाईहरुलाई एफ.एस.सी. को एउटै प्रमाणपत्र दिएर प्रमाणीकरण गर्ने प्रक्रिया हो । -थप जानकारीको लागि ब्रिफिङ नोट १ समूह प्रमाणीकरण हेर्नुहोला ।

प्रमाणित समूहको साइज र सहभागी वनको क्षेत्रफल फरक फरक हुन सक्छ, यती नै भन्ने हुँदैन । प्रमाणित वन समूहहरु विच धेरै भिन्नता हुन्छ । जस्तै ती समूहहरु फरक किसिमले संगठित भएका हुन्छन्, वन व्यवस्थापनको साइज र सघनता फरक फरक हुन्छ । वनको प्रकार, सदस्य समूहको वनको दुरी र सामुहिक निर्णय प्रक्रियामा सहभागीताको किसिम पनि एकै हुँदैन ।

यति धेरै विविधता भएका समूहहरुको फरक किसिमले नै सामाजिक सवालको व्यवस्थापन र अनुगमन गर्ने गर्दछन् । समूह व्यवस्थापक, समूह सदस्य र प्रमाणीकरण गर्ने निकायले परिस्थितिको ठोस विश्लेषण गरी समूहमा वन व्यवस्थापनले पार्ने सामाजिक प्रभावको कसरी अनुगमन गर्ने भन्ने विधिमा सहमति गर्नु पर्दछ । समूह व्यवस्थापकले नै कसरी अनुगमन गर्ने ( समूहमा छुट्टाछुट्टै कि एउटैमा) भन्ने कुराको टुंगो लगाउँदा राम्रो हुन्छ । यसो गर्दा सामाजिक प्रभावलाई कसरी सम्बोधन गर्ने, कसले गर्ने भन्ने कुरा सबैले बुझ्न सक्छन् । समूह सदस्यहरुको वन नजिक नजिक छ भने - जस्तै एउटै ठूलो वनको विभिन्न टुक्राहरुको छुट्टाछुट्टै व्यवस्थापन गरेको) सबै समूहको एउटै सामाजिक प्रभाव सूचना लिन किफायती हुन्छ । तर सदस्यहरु टाढा टाढा छरिएर रहेको अवस्थामा भने उनीहरुको छिमेकी समुदायसँग छुट्टाछुट्टै परामर्श लिनु राम्रो हुन्छ । जुन विधि ठिक हुन्छ त्यही प्रयोग गर्नु होला ।

## एफ.एस.सी. सिद्धान्त तथा आधारका केही सान्दर्भिक अंश

**सिद्धान्त ३ : आदिवासी जनजातिको अधिकार** आदिवासी जनताले उनीहरुको जमिन, क्षेत्र तथा श्रोतमाथिको स्वामित्व र व्यवस्थापन गर्न पाउने कानुनी र परम्परागत अधिकारको मान्यता र सम्मान गरिने छ । सिद्धान्त ३ को ४ वटै आधारहरु आदिवासी जनजातिको अधिकारसँग सम्बन्धित छन् । त्यसकारण जहाँ आदिवासी छन् त्यहाँ उनीहरुसँग छलफल र परामर्श गर्नु सामाजिक प्रभाव मापन र अनुगमन गर्नु महत्वपूर्ण हुन्छ ।

**सिद्धान्त ४ : समुदायको सम्बन्ध र कामदारको** ४.४ अधिकारवन व्यवस्थापन योजना कार्यान्यन गर्दा पर्ने सामाजिक प्रभाव सम्बन्धी कुराहश्रु व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन तहमै सम्बोधन गरिनु पर्दछ । यस्तो प्रभावत प्रभावित जन समुदायमा छलफल गरी पत्ता लगाउनु पर्दछ ।

**सिद्धान्त ७ : व्यवस्थापन योजना** ७.२ अनुगमन तथा नयाँ वैज्ञानिक र प्राविधि सूचनाका आधारमा सामाजिक, पर्यावरणीय र आर्थिक परिवशेलाई मध्यनजर राखी ती बुँदाहरु समावेश गर्न व्यवस्थापन योजनालाई नियमित रुपमा संशोधन तथा पुर्नलेखन गर्नु पर्दछ ।

**सिद्धान्त ८ : अनुगमन तथा मुल्यांकनवन** व्यवस्थापन क्षेत्रको फैलावट र गहिराई अनुसार वनको अवस्था, उत्पादन, व्यवस्थापन क्रियाकलाप, उत्पादन तथा बजार विक्री विचको सम्बन्ध सामाजिक र पर्यावरणीय प्रभावको बारेमा अनुगमन गर्नु पर्दछ । ८.२ वन व्यवस्थापनले अनुसन्धान र अनुगमनका लागि सुचना संकलन गर्दा कम्तीमा देहायका सूचनाहरु हेर्नु पर्दछ ।
*घ)* वन पैदावार र वन व्यवस्थापनको अन्य क्रियाकलापबाट वातावरणीय वा सामाजिक क्षेत्रमा परेको प्रभाव ।

**सिद्धान्त १० : वृक्षारोपण**

१०.८ वृक्षारोपण क्षेत्रमा प्राकृतिक पुनरुत्थान, जलस्रोत, माटोको उत्पादकत्व, सामाजिक र पर्यावरणीय प्रभाव आदिको बारेमा निरन्तर अनुगमन तथा मुल्यांकन गर्नु पर्दछ । वृक्षारोपण गर्ने जग्गा प्राप्त गर्दा स्थानीय बासिन्दाको स्वामित्व, पहुँच र प्रयोग गर्ने अधिकार सुनिश्चित हुनु पर्दछ ।

## परिभाषा

सामाजिक प्रभाव (असर वा परिणाम पनि भनिने) ले मानिसको जीवनशैली कामकारवाही, खेलकुद, संगठन आदि प्रभावित गर्ने कुनै कामले व्यक्ति अथवा समुदायमा हुने परिवर्तनलाई जनाउँछ । यस्ता परिवर्तनहरु सकारात्मक, नकारात्मक, जानाजान वा अन्जानमै पनि भइरहेका हुन सक्छन् ।

सामाजिक प्रभावको **मुल्यांकन** भनेको निश्चित समय अवधीमा के के भयो त्यसको विश्लेषण हो । यसले निश्चित क्रियाकलापहरुको कार्यान्वयनले पर्न गएको सामाजिक प्रभावमा ध्यान केन्द्रित गर्दछ ।

सामाजिक प्रभावको **अनुगमन** भनेको सामाजिक सवालको बारेमा नियमित रुपले सूचना जानकारी संकलन गर्ने हो । वनमा गरिने कामहरुले सकारात्मक÷नकारात्मक कस्ता कस्ता असर परेको छ भन्ने कुरा हेर्ने तरिका हो ।

**सामाजिक प्रभाव मापन** (SIA) भनेको प्रस्तावित क्रियाकलापहरुले पार्ने सामाजिक असरहरुको औपचारिक विश्लेषण हो । यो प्रस्तावित वन परियोजना अपरेशन वा नीतिगत परिवर्तनले जनता र समुदायमा पार्न सक्ने सम्भाीवत असरहरुको अगाडि नै आँकलन गर्ने एउटा तरिका हो । एफ.एस.सी.का सिद्धान्त र आधारहरुले सामाजिक प्रभाव मापन (SIA) गर्ने पर्ने बाध्यता गरेको छैन तर कुनै एफ.एस.सी. राष्ट्रिय मापदण्डले गर्नुपर्ने बनाएका छन् ।

developed by ProForest www.proforest.net

more information:
www.fsc.org/smallholders

October 2008